# मेचीनगर नगरपालिका

## नगर कार्यपालिकाको कार्यालयद्वारा जनहितमा जारी सन्देश

आदरणीय नगरवासी महानुभावहरु तपसिलमा उल्लेखित विषयले समाजमा धेरै समस्या सृजना भएका छन, तसर्थ उल्लेखित विषयलाई दृष्ट्रिगतगरी व्यवहार कारोवार गर्न हुन अनुरोध छ :

- ✓ सार्वजनिक जमिन मौखिक वा गैर कानूनी कागजात खडा गरेर खरिद विक्री गर्नु गैर कानूनी कार्य भएकोले कुनैपनि वहानामा सार्वजनिक र सरकारी जमिन किनवेच नगरौं अनाधिकृत अतिक्रमण नगरौं ।
- ✓ सरकारी- सार्वजनिक (वैलेनी, पर्ती, खोला किनार) लगायत का जग्गाहरु अनाधिकृत किनवेच जस्तै मौखिक वा अनाधिकृत कागजात नगर्नुहोला, गैरकानुनी कारोवारमा कानून बमोजिम कार्यवाही हुनेछ।
- ✓ जग्गा खरिद विक्री गर्दा नापी गरेर यकिन भएपछी मात्र खरिद गर्ने गरौँ, खरिद विक्रीका वैना वट्टा कागज अनिवार्य वडा कार्यालय वाट प्रमाणित गरौँ।
- ✓ कुनै पनि लेनदेन, कारोवारको सहमति सम्झौता, प्रारम्भिक अंस वण्डा, सर्त कागज वडा कार्यालयवाट अनिवार्य प्रमाणित गरौँ।
- ✓ वैदेशिक रोजगारिका सन्दर्भमा गरिइने लेनदेन सम्बन्धित व्यक्तिको आधिकारिकता प्रमाणित हुँदा आधिकारिक निकायमा मात्र गरौँ।

**मेचीनगर नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

## मेचीनगर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालयद्वारा जनहितमा जारी सन्देश

यस नगरपालिकामा अन्यन्त्रवाट बसाइँ सरी आउने क्रम तीव्र वन्दै गएको छ, तसर्थ बसाइँ सराइको कागजात दर्ता गर्दा बसाइँको प्रकृति के हो फर्मेट तयार गरि उल्लेख गर्ने :

- ✓ जमिन लिएर हो, होइन ?
- ✓ डेरा लिएर हो, होइन ? हो भने कसको ?
- ✓ आफन्तकोमा हो, होइन ? हो भने आफन्तको विवरण ?
- ✓ बसाइँ सराइको व्यवस्थित अभिलेख राख्नुपर्नेछ ।
- ✓ सार्वजनिक जमिनमा बस्न निषेध गरिएको छ ।

**मेचीनगर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**

# मेचीनगर नगरपालिका

## नगर कार्यपालिकाको कार्यालयद्वारा जनहितमा जारी सन्देश

नगरपालिका नगर कार्यपालिकाको कार्यालय भद्रपुर, झापा कोशी प्रदेश, नेपाल

- ✓ कुनैपनि सवारी साधनहरु कागज पत्र वेगर जस्तै चालक अनुमति पत्र (लाइसेन्स), विमा (इन्स्योरेन्स), ब्लुबुक नविकरण सहित दुरुस्त राखेर मात्र सवारी साधन चलाऔं, । कागजात नहुँदा कथमकदाचित दुर्घटना भएमा उपचार खर्च, क्षतिपूर्ति लगायतको समस्याले धेरै जनामा ठुलो कठिनाइ भएको छ, घरवार बिहिन हुनु परेको छ, जेल चलान भएका छन तसर्थ अभिभावक पनि सचेत बनौं, सवारी साधन चलाउने पनि सचेतबनौं विना लाइसेन्स, विना विमा सवारीसाधन नचलाऔं।
- ✓ सवारी साधन चलाउदा स्पिड कन्ट्रोल हुनेगरी मात्र चलाऔँ।
- ✓ पैदल यात्रुले बाटो प्रयोग गर्दा छेउ बाटो प्रयोग गरौ र बाटो काट्दा दायाँबायाँ हेरेर मात्र काटौं।
- ✓ मोटरसाइकल चलाउदा हेल्मेट अनिवार्य लगाऔँ।
- ✓ वस, मिनीवस, म्याजिक भेन, टेम्पो, ई- रिक्सा लगायत अन्य सवारी साधनहरुले क्षमता भन्दा धेरै यात्रु नचडाऔ, यात्रु उतार्दा सडक छेउ लगाएर मात्र रोकौं।
- ✓ सडक भित्र नानी केटाकेटी नछाडौं, विस्कुन नसुकाऔँ, चौपाय नवाधौ, हाँस कुखुरा नछाडौं, पसल नराखौं, पाल- पेंडाल नराखौं।
- ✓ कानूनी र सामाजिक अनुशासनको पालना गरौं, सुरक्षित र व्यवस्थित बनौं।

**मेचीनगर नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**